# अध्याय १७: धर्म र प्रथा

हङकङको आधारभूत कानूनले धार्मिक स्वतन्त्रताको ग्यारेन्टी गर्छ, जसले विभिन्न आस्थाहरूलाई शान्तिपूर्वक मिलेर बस्न अनुमति दिन्छ। विभिन्न धर्महरू बारेमा निम्न जानकारीलाई हङकङ वार्षिकी पुस्तिका (Hong Kong Yearbook)बाट साभार गरिएको थियो, जुन १७ नोभेम्बर २०२३ मा अद्यावधिक भएको थियो।

## बौद्ध धर्म

बौद्ध धर्म हङकङमा प्रचलित मुख्य धर्महरू मध्ये एक हो, जसका करिब १० लाख अनुयायीहरू र ४०० भन्दा बढी मन्दिरहरू छन्, जसमध्ये केही ७०० वर्षभन्दा अघिका छन्।

स्थानीय बौद्ध समूहहरूले लामो समयदेखि सामाजिक कल्याण र शिक्षालाई सहयोग गर्दै आएका छन्। उदाहरणका लागि, हङकङ बौद्ध संघ(Hong Kong Buddhist Association) १९४५ मा स्थापना भएको थियो तथा यसले बौद्ध शिक्षा र संस्कृति प्रचार गर्दैगर्दा जनतालाई परोपकारी सेवाहरू पनि प्रदान गर्दछ, जसमा युवा र वृद्ध दुवैको लागि चिकित्सा र सामान्य हेरचाह समावेश छ।

## ताओवाद

ताओवाद चीनको २,००० वर्षको इतिहास भएको स्वदेशी धर्म हो। हङकङमा दश लाख भन्दा बढी अनुयायीहरू र ३०० भन्दा बढी ताओवादी एबेहरू र मन्दिरहरू छन्।

१९६१मा प्रमुख मन्दिरहरूको प्रतिनिधिहरूद्वारा स्थापित हङकङ ताओवादी संघ (Hong Kong Taoist Association)ले ताओवादी धर्मशास्त्र र नैतिक मूल्यहरूलाई बढावा दिन धार्मिक, सांस्कृतिक र परोपकारी गतिविधिहरू संगठित गर्दछ। मार्चको दोस्रो आइतबारमा मनाइने वार्षिक ताओवादी दिवस Taoist Day)मा ताइशाङ लाओजुन (Taishang Laojun), वा लाओजी (Laozi) नामक देवताको जन्मदिन मनाइन्छ, जसलाई ताओवादीहरूले ताओवादका संस्थापक र चौँथो शताब्दी इसापूर्वमा लेखिएको मुख्य ताओवादी पाठ *ताओ ते चिंग (Tao Te Ching)*का लेखक रहेको भन्ने विश्वास गर्छन्।

## कन्फ्युसियसवाद

कन्फ्युसियसवाद प्राचीन चिनियाँ दार्शनिक कन्फ्युसियसबाट व्युत्पन्न धार्मिक, नैतिक र दार्शनिक शिक्षाहरूको संगालो हो जसले परम्परा र संस्कारको महत्त्वलाई जोड दिन्छ। यी मान्यताहरू कन्फ्युसियन एकेडेमी (Confucian Academy)को वकालत मार्फत स्थानीय प्राथमिक, माध्यमिक र विश्वविद्यालय शिक्षणमा पेश गरिएका छन्। अन्य स्थानीय कन्फ्युसियस संस्थाहरूमा हङकङ कन्फ्युसियन एसोसिएसन (Hong Kong Confucian Association) र कन्फ्युसियस हल (Confucius Hall) समावेश छन्।

कन्फ्युसियसको जन्मदिनमा प्रमुख कन्फ्युसियसवाद उत्सव हुन्छ, जुन चन्द्र पात्रोमा आठौं महिनाको २७ औं दिनमा पर्छ। एकेडेमीले सरकारले मान्यता पाएको र समर्थन गरेको मिड-अटम फेस्टिभलको भोलिपल्ट कन्फ्युसियन दिवस मनाउँछ। अर्को मुख्य पर्व दिन चौथो चन्द्र महिनाको दोस्रो दिन पुरातन चिनियाँ दार्शनिक मेन्सियसको जन्मदिनको उत्सव हो।

## ईसाई धर्म

ईसाई समुदायको संख्या लगभग १.३ मिलियन छ, जसमध्ये अधिकांश प्रोटेस्टेन्टहरू र रोमन क्याथोलिकहरू छन्। ग्रीक, रुसी र कप्टिक अर्थोडक्स चर्चहरूको पनि हङकङमा उपस्थिति छ।

### *प्रोटेस्टेन्ट समुदाय*

स्थानीय प्रोटेस्टेन्ट आन्दोलन १८४१ मा सुरू भयो। हङकङ क्रिस्चियन काउन्सिल (Hong Kong Christian Council) र अनुसन्धान संस्थानहरूले गरेको सर्वेक्षण अनुसार अहिले ७०-भन्दा बडी सम्प्रदायहरू र ४०० भन्दा कम नभएको स्वतन्त्र चर्चहरूमा फैलिएका लगभग १,०४०,००० दर्ता सदस्यहरू छन्। लगभग १,३०० मण्डलीहरूमा चिनियाँ भाषा बोलिन्छ। यसमा चीनको चर्च अफ क्राइस्ट (Church of Christ in China) (प्रेस्बिटेरियन र मण्डलीको परम्पराको प्रतिनिधित्व गर्ने), हङकङ शेङ कुङ हुई (Hong Kong Sheng Kung Hui); मेथोडिस्ट चर्च, हङकङ (The Methodist Church, Hong Kong); साँचो येशू चर्च र स्थानीय चर्च (सानो बगाल) (True Jesus Church and Local Church (the Little Flock)) जस्ता आदिवासी सम्प्रदायहरू समावेश छन्। हङकङ क्रिस्चियन काउन्सिल (Hong Kong Christian Council) र हङकङ चाइनिज क्रिश्चियन चर्च युनियन (Hong Kong Chinese Christian Churches Union)ले चर्चहरू बीचको सहकार्यलाई सहजीकरण गरेको छ।

८६० भन्दा बढी प्यारा-चर्च एजेन्सीहरूले प्रोटेस्टेन्ट समुदायका आवश्यकताहरू पूरा गर्छन् र आपतकालीन राहत तथा विकास परियोजनाहरूलाई समर्थन गर्छन्।

### *रोमन क्याथोलिक समुदाय*

हङकङको रोमन क्याथोलिक चर्च (Roman Catholic Church in Hong Kong) सन् १८४१ मा मिसन प्रिफेक्चरको रूपमा स्थापना भएको थियो र सन् १९४६ मा डायोसेज बनेको थियो। हङकङको क्याथोलिक डायोसेजका अनुसार त्यहाँ करिब ३९५,००० क्याथोलिकहरूलाई २७९ पुजारी, ९८ ब्रोदरहरू र ४१९ सिस्टरहरूले सेवा गरेका छन् जसअन्तर्गत क्यान्टोनिज भाषामा आयोजित धार्मिक सेवाहरूको लागि ३९ गिर्जाघर, २८ च्यापल र २४ हलहरू समावेश छन्; यी पारिसहरूको पाँच मध्ये तीन भाग जतिले अंग्रेजी र केही अवस्थामा, फिलिपिनो भाषा तागालगमा पनि सेवाहरू प्रदान गर्दछ। विश्वभरका पोप र अन्य क्याथोलिक समुदायहरूसँग घनिष्ठ सम्बन्ध कायम राख्ने डाइओसिसको आफ्नै प्रशासनिक संरचना छ।

## इस्लाम

हङकङको इस्लामिक सामुदायिक कोषको निगमित ट्रस्टीहरू (Incorporated Trustees of the Islamic Community Fund of Hong Kong)का अनुसार हङकङमा अनुमानित ३००,००० मुस्लिम छन्।

सबै स्थानीय इस्लामिक गतिविधिहरू ट्रस्टीहरूद्वारा समन्वय गरिन्छ, जसले सबै पाँचवटा मस्जिदहरू, दुईवटा कब्रिस्तान र एउटा किन्डरगार्टनको प्रबन्ध गर्ने परोपकारी संस्था बनाएको छ। तिनीहरूले अन्त्येष्टिको व्यवस्था गर्छन्, रमजानलगायत चाडपर्वहरूको मिति घोषणा गर्छन्, र हङकङ तथा मुख्य भूमिका केही भागहरूमा हलाल खानाको लागि निरीक्षण र प्रमाणपत्र जारी गर्छन्।

स्थानीय चिनियाँ मुस्लिमहरूलाई मुख्यतया चिनियाँ मुस्लिम सांस्कृतिक र भ्रातृ संस्था (Chinese Muslim Cultural and Fraternal Association)ले प्रतिनिधित्व गर्छन्, जसले एउटा कलेज, दुईवटा प्राथमिक विद्यालय र दुईवटा किन्डरगार्टेनहरू सञ्चालन गर्दछ।

सबैभन्दा पुरानो मस्जिद मध्य-स्तरको जामिया मस्जिद हो, जुन १८४९ मा निर्मित र १९१५ मा पुनर्निर्मित गरिएको थियो, जसलाई २०२२मा स्मारक घोषणा गरिएको थियो। वान चाइको आठ तले मस्जिद अम्मार र ओस्मान रामजु सादिक इस्लामिक सेन्टर (Masjid Ammar and Osman Ramju Sadick Islamic Centre in Wan Chai)मा एक पुस्तकालय,

एक क्लिनिक, एक क्यान्टीन र एक किन्डरगार्टेन रहेका छन्। काउलुन मस्जिद र इस्लामिक केन्द्र (Kowloon Masjid and Islamic Centre), यसको विशिष्ट सेतो-संगमरमर फिनिशको साथ, शिम शा शुई (Tsim Sha Tsui) मा एक प्रतिष्ठित स्थल हो र यसले स्थानीय मुस्लिमहरूको वास्तविक पहिचान प्रकट गर्दछ। यसको क्षमता ३,५०० रहेको छ र यहाँ लगभग एक मिलियन प्रयोगकर्ता वार्षिक रूपमा देखिन्छन्। स्टेनली मस्जिद (Stanley Mosque) स्टेनली कारागार भित्र छ, जबकि चाई वान मस्जिद (Chai Wan Mosque) केप कोलिन्सन (Cape Collinson) मा छ। कब्रिस्तानहरू ह्याप्पी भ्याली (Happy Valley) र केप कोलिन्सन (Cape Collinson)मा छन्।

## हिन्दू धर्म

भारत, नेपाल, श्रीलंका, थाइल्यान्ड र अन्य दक्षिणपूर्वी एसियाली देशहरूका १००,००० संख्याको  हिन्दू समुदायका धार्मिक र सामाजिक गतिविधिहरू ह्याप्पी भ्यालीमा रहेको हिन्दू मन्दिरमा केन्द्रित छन्, जसको व्यवस्थापन र व्यवस्थापन हङकङको हिन्दू संघ (Hindu Association of Hong Kong)ले गर्छ। उपासकहरूले ध्यान, आध्यात्मिक व्याख्यान, योग कक्षा र अन्य सामुदायिक गतिविधिहरू र दिवाली, दशहरा, होली, गणेश चतुर्थी, चेती चन्द र हनुमान पूजा जस्ता प्रमुख चाडहरू मनाउन मन्दिरको प्रयोग गर्छन्। उनीहरूले हिन्दू संस्कार र विवाह अध्यादेश अनुसार सगाई र विवाह समारोहहरू पनि गर्छन्। अन्य महत्त्वपूर्ण सेवाहरूमा अन्तिम संस्कारहरू व्यवस्थापन गर्ने, दाहसंस्कार र सम्बन्धित अनुष्ठानहरूको लागि व्यवस्था गर्ने र केप कोलिन्सनमा हिन्दू शवदाह गृहलाई मर्मत गर्ने समावेश छ।

मन्दिरमा हरेक आइतबार बिहान भक्ति संगीत सत्र र धार्मिक प्रवचनहरू हुन्छन्, त्यसपछि सोमबार साँझमा निःशुल्क सामुदायिक भोजन पनि दिइन्छ।

## सिख धर्म

हङकङका पहिलो सिखहरू १९औं शताब्दीमा ब्रिटिश सशस्त्र बलको एक हिस्साको रूपमा भारतको पञ्जाबबाट आएका थिए। पहिलो सिख मन्दिर, श्री गुरु सिंह सभा (Sri Guru Singh Sabha)लाई, क्वीन्स रोड ईस्ट (Queen’s Road East), वान चाई (Wan Chai)मा १९०१मा बनाइएको थियो र पछि सोको नाम परिवर्तन गरेर खालसा दिवान हङकङ सिख मन्दिर (Khalsa Diwan Hong Kong Sikh Temple) राखियो। यो नोभेम्बर २०२३मा पुन:विकास पछि फेरी खुला गरिएको र यसमा दुई प्रार्थना हलहरू, एउटा

निःशुल्क भान्छा र भोजन कक्ष, निजी समारोह कोठाहरू, सेमिनार हलहरू, एउटा डिजिटल पुस्तकालय र एउटा कार पार्क सुविधाहरू छन्।

खाल्सा दिवान (Khalsa Diwan), एक दर्ता भएको परोपकारी संस्थाले यस मन्दिरको व्यवस्थापन गर्दछ, स्वैच्छिक सेवाहरू प्रदान गर्दछ, जसमा लङ्गर (निःशुल्क भोजन) र विदेशी आगन्तुकहरूको लागि छोटो अवधिको आवासको व्यवस्था पनि समावेश छ।

खालसा दिवानले हङकङमा १२,००० सिखहरू रहेको अनुमान गरेको छ। सिख धर्मका संस्थापक, गुरु नानक देव जीका अनुयायीहरू हरेक बिहान र साँझ मन्दिरमा धार्मिक सेवाहरूमा उपस्थित हुन्छन्, र आइतबार र मुख्य सिख पवित्र दिनहरूमा भेला हुन्छन्। तिनीहरूको सबैभन्दा महत्त्वपूर्ण धार्मिक मितिहरू गुरु नानक देव जी र गुरु गोविन्द सिंह जी (दशौँ गुरू) को जन्मदिनहरू, र वैशाखी (सबै सिखहरूको जन्मदिन र नामाकरण दिन) हुन्।

## यहूदी धर्म

हङकङमा यहूदी समुदायको बसोबास सन् १८४० को दशक देखिको हो र यसमा विश्वका विभिन्न भागबाट आएका परिवारहरू समावेश छन्। त्यहाँ तीन मुख्य सभाघरहरू छन् - ओहेल लेह सिनागोग (Ohel Leah Synagogue) (अर्थोडक्स) जसले दैनिक, सब्बथ र चाडपर्व सेवाहरू प्रदान गर्दछ; हङकङको संयुक्त यहूदी मण्डली (United Jewish Congregation of Hong Kong) (सुधार) सब्बथ र चाडपर्व सेवाहरू सहित, जहाँ दुवैले मध्य-स्तरमा समान परिसर साझा गर्छन्; र म्याकडोनेल रोड (MacDonnell Road) मा चबाद लुबाभिच (Chabad Lubavitch)।

## अन्य धार्मिक आस्थाहरू

बहाई आस्था र जोरोस्ट्रियन धर्म हङकङमा धेरै वर्ष अघिदेखि स्थापित भएका अन्य धर्महरू हुन्।